आज मिति २०८० साल फाल्गुन १० गते विहिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत 2080/11/10

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर

080/11/10 अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. आधारभूत अस्पतालको लागि करार सेवामा चिकित्सकको नियुक्ती सम्वन्धमा
२. इलाका प्रशासन कार्यालय माग सम्वन्धमा
३. स्टील ट्रष्ट पुल माग सम्वन्धमा
४. माहुरी घार वितरण सम्वन्धी सूचना प्रकाशन सम्वन्धमा
५. कर्मचारी तहवृद्धि सिफारिस सिमिति गठन सम्वन्धमा
६. शिक्षा ज्योति आधारभूत विद्यालयको कक्षा थप सम्वन्धमा
७. आमचोक गाउँपालिकाको वडा नं.१० को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्वन्धमा
८. दररेट कायम सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई सेवा करार कार्मचारी छनौट तथा सिफारीस समितिले यस आमचोक गाँउपालिका वडा नं ४ स्थित आधारभुत अस्पतालको लागी करार सेवामा मेडिकल अधिकृत छनौट गरि करार सेवामा नियुक्ति गर्नको लागि सिफारिस गरे वमोजिम हरैचा-२ मोरङ निवासी डा. रोशन झालाई २०८१ असार मसन्तसम्मको लागि(अधिकृत स्तर आठौं) तहमा करार सेवामा नियुक्ति गर्ने । साथै नियुक्तिहुने मेडिकल अधिकृत लाई दरबन्दि अनुसारको स्केल तलब ससर्त शिर्षकबाट भुक्तानि गर्ने र कार्यपालिकाको निर्णय अनुसार मासिक थप ७५% incentive र आवास सुविधाको खर्च हुने रकम राजश्व अनुदान शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भइ भोजपुर जिल्लाको दक्षिणी भागवाट जिल्ला प्रशासन कार्यालय मार्फत सेवा लिनको लागि निकै कठिनाइ रहेकोले रामप्रसाद राई गाउँपालिका,हतुवागढी गाउँपालिका र आमचोक गाउँपालिकाको लागि तीन वटै स्थानीयतहको विच भागमा पर्ने स्थान सुरक्षा पूर्वाधार र भूगोलको दृष्टिकोणले पनि उपयुक्त रहेकोले आमचोक वडा नं ६ वयाङ वजारमा इलाका प्रशासन कार्यालय स्थापनाको लागि जिल्ला सुरक्षा निकाय र गृह मन्त्रालयमा माग गरि पठाउने । साथै रामप्रसादराई गाउँपालिका र हतुवागढी गाउँपालिकालाई सहमती मागको लागि निवेदन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भइ भोजपुर नगरपालिका र रामप्रसादराई गाउँपालिका जोड्ने पिखुवा खोलामा हाल मोटरेवल पक्कि पुलको निर्माण भईसकेकोले सो स्थानमा रहेको स्टील ट्रष्ट पुल आमचोक वडा नं ५ र वडा नं ९ जोड्ने एखुवा खोलाको आमवोटेमा स्थानान्तर गर्नको लागि सडक विभाग टुम्लिङ्टार र भौतिक पूर्वाधार विकास मन्त्रालय सिंहदरवार काठमाण्डौमा माग गरि पठाउने ।

**निर्णय नं.४**

प्रस्ताव नं ५ माथि छलफल भई गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको शसर्त वजेट र गाउँपालिका अल्या अन्तर्गतको वजेटवाट माहुरी पालन सम्वन्धी सिप विकास तालिम लिइसकेका उद्यमीहरुलाई तपशिल वमोजिको रकम वरावरको माहुरी घार ८० प्रतिशत अनुदान हुने गरी वितरण गर्नको लागि २१ दिनको सूचना प्रकाशन गर्ने ।

| क्र.सं. | वजेट शिर्षक | योजना/कार्यक्रम | रकम | मौरी घार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अल्या आन्तरिक | मौरी पालन कार्यक्रम | २२५९६१ | २८ | वडा नं ५ र ७ वाहेकको वडाको उद्यमीहरुको लागि |
| २ | लघु उद्यम विकास कार्यक्रम | नयाँ लघु उद्यमी र लघु उद्यमीको स्तरउन्ती तर्फ सिप विकास तालिम र प्रविधि हस्तान्तरण तर्फ | २१८९०० | २७ | वडा नं ५ र ७ को उद्यमीहरुको लागि |

**निर्णय नं.५**

प्रस्ताव नं ६ माथि छलफल भई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा ४ वमोजिम कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्न तपशिल वमोजिमको तहवृद्धि सिफारिस सिमिति गठन गर्ने ।

तपशिल

क) अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत
ख) सदस्य : कृषि प्रसार अधिकृत (अधिकृत स्तर छैठौं) श्री भुवनेश्वर यादव
ग) सदस्यः हेल्थ असिष्टेन्ट (छैटौं) श्री पुर्णकला मगर

प्रमुख प्रशासकीय अधिकृत २०८०/११/१०

गाउँ कार्यपालिकाको कार्यालय वासबा, भोजपुर

२०८०/११/१० अशोक राई अध्यक्ष

---

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल भई आमचोक वडा नं ६ को शिक्षा ज्योति आधारभूत विद्यालयमा हाल (१-३) को कक्षा सञ्चालन भइरहेकोमा शैक्षिक सत्र २०८१ देखि कक्षा ४ थप गर्नको लागि आवश्यक कागजात सहित माग भइ आएकोले शिक्षा ऐन २०८० तथा शिक्षा नियमावली २०५९ को नियम १३ अनुसार शैक्षिक सत्र २०८१ देखि कक्षा ४ सञ्चालन गर्न अनुमति दिने ।

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भई आमचोक गाउँपालिकाको वडा नं.१० को वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं १० (साविकको पाङ्चा गा.वि.स. वडा नं.१) निवासी श्री जय कुमार राईको छोरा श्री बेदराज राईको( ना.प्र.नं.११८९-२०३६०-५५७) नाममा रहेको किता नं ७७१ क्षेत्रफल ०-११-३-० वाट पुरै र किता नं २३१ क्षेत्रफल १३-११-३-३ बाट २-४-१-० गरी जम्मा ३ रोपनी निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं १० का वडा सचिव श्री रंधिर कुमार मेहतालाई तोक्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भई यस आमचोक गाउँपालिकाको आ.व. २०८०/०८१ का लागि यस आमचोक गाउपालिका दररेट निर्धारण समितीको बैठकले दररेट निर्धारण गरि आमचोक गाउँपालिकाको कार्यालयले स्वीकृत गरेको तर गेट निर्माण कार्य गर्न आवश्यक केही सामाग्रीहरुको नम्स र दररेट यस आमचोक गाउँपालिकाको दररेटमा समाबेश नभएको र सार्वजनिक खरीद नियमावली २०६४ को नियम १० को उपनियम ४ बमोजिम कुनै सरकारी कार्यालय र उधोग बाणिज्य संघमा यस प्रकारको दररेट उपलब्ध हुन नसकेकोले आमचोक गाउँपालिकाको उक्त गेट तयार गर्ने रोजन आर्ट स्टुडियो प्रा.लि. धरान,युमा कलाकृति घर धरान र भेडेटार हस्तकला उधोग भडेटारको संस्थाहरुलाई दररेट माग गर्दा रोजन आर्ट स्टुडियो प्रा.लि. धरानले न्युनतम दररेट नमस्ते गेट निर्माणका लागि रु ३,५०,०००।– र लालिगुरास थुङ्गाका लागि रु ३०,०००।- पेश गरेको र स्थानीय बजारको दररेट मुल्याङ्कन गर्दा उक्त रकममा कार्य सम्पन्न हुने पाईएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम ५ बमोजिम यस आमचोक गाउपालिकाको उक्त कार्यको दररेट निर्धारण गरी जिल्ला वन कार्यालयलाई लेखि पठाउने ।

२०८०/११/१० प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

०८०/११/१० अशोक राई अध्यक्ष